आज मिति २०७३।११।२० [illegible]
[illegible] गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यू को अध्यक्षतामा उन्नाईसौं (१९) गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २. | श्री मनिषा सिंह थापा | उपाध्यक्ष | |
| ३. | श्री यम बहादुर खड्का | वडा नं. १ अध्यक्ष | |
| ४. | श्री शालेन्द्र राज ओली | वडा नं. २ अध्यक्ष | |
| ५. | श्री मित्र कुमार थापा | वडा नं. ३ अध्यक्ष | |
| ६. | श्री मिनराज खड्का | वडा नं. ४ अध्यक्ष | |
| ७. | श्री भगरु थापा | वडा नं. ५ अध्यक्ष | |
| ८. | श्री हवराज खरेल | वडा नं. ६ अध्यक्ष | |
| ९. | श्री रामलखन थापा | वडा नं. ७ अध्यक्ष | |
| १०. | श्री शालिकराम डाँगी | वडा नं. ८ अध्यक्ष | |
| ११. | श्री सोहनलाल थापा | वडा नं. ९ अध्यक्ष | |
| १२. | श्री राधिका चनार | महिला सदस्य | |
| १३. | श्री याम कुमारि वली | महिला सदस्य | यम |
| १४. | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५. | श्री [redacted] सुमित्रा थापा | महिला सदस्य | |
| १६. | श्री धान बहादुर बि.क. | दलित सदस्य | |
| १७. | श्री केशवराज कमाई | उपसंरचना सदस्य | |
| १८. | श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकिय अ. | |
| | सहयोगी | कर्मचारी | |
| १. | श्री बालानन्द पौडेल | योजना शाखा प्रमुख | |
| २. | श्री लोकेन्द्र चन्द | कृ. प्र. शाखा प्रमुख | |

कार्यपालिका बैठक संख्या नं १९ — मिति २०७९/११/२८ गते

<u>प्रस्तावहरु</u>

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२. कार्यविधिहरुको सम्बन्धमा ।

३. भू-उपयोग योजना तथा भू-उपयोग मापदण्ड स्वीकृत सम्बन्धमा ।

४. सैद्धान्तिक सहमति सम्बन्धमा।

५. भूमि सहजीकरण समिति गठन ।

६. वडाहरुबाट प्राप्त विवरण प्रमाणिकरण सम्बन्धमा ।

७. चौमासिक प्रगति / अनुगमन प्रतिवेदन समबन्धमा ।

८. धरौटी खाता ट्रान्सफर सम्बन्धमा ।

९. गाँउपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।

१०. LISA र FRA को प्रारम्भिक अंक अनुमोदन सम्बन्धमा ।

११. एक गाँउ एक प्राविधिक (OVOT) कर्मचारीको म्याद थप सम्बन्धमा ।

१२. भूमि सम्बन्धी Data entry सम्बन्धमा।

१३. प्रस्तावित कोहलपुर मालपोत सेवा केन्द्र सम्बन्धमा ।

१४. कालिमाटी देउती बज्यै मन्दिर ब्यबस्थापनको पत्र सम्बन्धमा ।

१५. विविध सम्बन्धमा ।

प्रतिलिपि प्रमाणित

...म प्रकाश देवकोटा
प्रशासकीय अधिकृत

निर्णय नं १

रासी सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

निर्णय नं २

रासी सोनारी गाउँपालिकालाई आवश्यक तपसील बमोजिमका कार्यविधिहरु विस्तृत छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

तपसील

१. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९ ।

२. राजस्व परामर्श समिति संचालन सम्बन्धी कार्यविधि, २०७९ ।

३. मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ ।

निर्णय नं ३

भूमी सम्बन्धी ऐन, २०७६ तथा नियमावली, २०७९ को प्रभावकारी कार्यान्वयन तथा भूमी सम्बन्धी समस्या समाधान कार्यलाई सहजीकरण गर्न आवश्यक भू-उपयोग योजना तथा भू-उपयोग मापदण्ड निर्माण गर्न यस गाँउपालिकाबाट कार्यदिश प्रास Institute of Himalayan Research and Integrate Development Pvt. Ltd. ले पेश गरेको अन्तिम प्रतिवेलन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ४

रासी सोनारी गाँउपालिको विकास योजना, व्यवस्थापन बजेट निर्माण र विपद् व्यवस्थापनलाई गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

क) कृषि गुरुयोजना

ख) सडक यातायात गुरुयोजना

ग) चुकेनाला व्यवस्थापन विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण रासी सोनारी- ९

घ) वडा नं ३ को रिङ्गरोड निर्माण विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण रासी सोनारी- ३

ङ) सिंघैया पुल निर्माण विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण रासी सोनारी- ७

च) मध्यमकालीन खर्च संरचना

छ) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

निर्णय प्रमाणित

ओम प्रकाश कैवकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ उपदफा २ बमोजिमको वडास्तरीय सहजीकरण समिति यथासीघ्र गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ उपदफा ४ बमोजिम रासी सोनारी गाँउपालिका वार्ड नं ३ बाट प्राप्त विवरण प्रमाणीकरण गरी व्यवस्थापन कार्यलाई अगाडि बढाउनका लागि गाँउपालिका स्तरीय भूमि सहजीकरण समितिमा सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं ७

यस गाउँपालिकाकाको चालु आ व को दोस्रो चौमासिक (मंसीर - फाल्गुन) अनुसूची १ बमोजिमको प्रगति प्रतिवेदन तथा अनुसूची २ बमोजिमको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकाकामा निमार्णाधिन १५ शैयाको रासी सोनारी अस्पतालको भुक्तानीका लागि पेश भएको कागजातका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरेको लामो समयसम्म पनि निकासा प्राप्त नभएकोले यस गाँउपालिकाको धरौटी खातामा रहेको कोषबाट रु ५० लाख मात्र सापटी स्वरुप मुल संचित खातामा ट्रान्सफर गरी सम्बन्धित ठेकदार कम्पनीलाई प्रचलित कानूनको अधिनमा रही उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ९

स्थानीय सरकार संचालन ऐन २०७४ तथा सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम यस गाँउपालिको प्रवक्ता रुपमा जिम्मेवारी बहन गर्न रासी सोनारी गाँउपालिका वार्ड नं ४ का वडा अध्यक्ष श्री मिनराज खड्कालाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकाको आ.व.२०७८/०७९ को प्रारम्भिक रुपमा प्राप्त स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार ६७.२५ र जिल्ला विकास समितिबाट अन्तिम मूल्यांकन भएको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्कभार ४५ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस रासी सोनारी गाउँपालिका अन्तर्गत कार्यरत तपसीलका एक गाँउ एक प्राविधिक (OVOT) कर्मचारीहरुको २०७९ माघ देखि २०८० असारसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसील:

१) जानकी थारु बैजनाथ गा.पा बाँके ।
२) टिकाराम वली मधुवन नगरपालिका बर्दिया ।
३) प्रेमा खत्री रासी सोनारी ९ बाँके ।
४) शोभा कुमारी थारु रासी सोनारी ६ बाँके ।
५) रेश्मा कुमारी चौधरी रासी सोनारी ४ बाँके ।

निर्णय प्रमाणित
प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १२

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम संकलित विवरण कम्प्युटर प्रविष्टी गर्न प्रति फायल रु ४० का दरले प्रोत्साहन स्वरुप अतिरिक्त रकम उपलब्ध गराउने गरी विभागबाट खटिएको टोलीलाई काममा लगाउने निर्णय गरियो ।

निर्णय नं १३

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको निर्णयानुसार बाँके जिल्लाका रासी सोनारी र बैजनाथ गाँउपालिका तथा कोहलपुर नगरपालिका कार्यक्षेत्र रहने गरी कोहलपुरमा स्थापित मालपोत तथा नापी

कार्यालयहरु यस गाँउपालिकाका वार्ड नं ३, ४, ५, ६ र ७ का बासिन्दालाई साह्रै नै अपायक पर्ने भएकोले उल्लेखित वडाका बासिन्दालाई नेपालगंजमा रहेको मालपोत तथा नापी कार्यालयबाट नै सेवा प्रदान गर्ने व्यवस्था मिलाउनका लागि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १४

राप्ती सोनारी गाँउपालिका वार्ड नं ८ मा पर्ने कालीमाटी गंगामाला देउती बजै मन्दिरको अधुरो निर्माणका लागि काम सम्पन्न गरी भुक्तानी पाउँ भनी मन्दिर व्यवस्थापन समितिको २०७९/०४/०४ को पत्रका सम्बन्धमा विद्यमान कानूनको परिधि भित्र रही वार्ड नं ८ को वडास्तरीय कार्यक्रमबाट भुक्तानी हुने गरी प्रकृया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १५

विविध विषयमा तपसील अनुसार निर्णय गरियो ।

क) नेपाल सरकारले निर्माण गर्न लागिरहेको राप्ती सोनारी वार्ड नं २ र ५ को तटबन्धका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ विद्यमान कानूनको परिधिभित्र रही निर्माण व्यवसायीलाई आवश्यक परिमाण घाटगद्दी गर्न दिने ।

ख) बाँके जिल्ला अदालत बार एशोसियशन नेपालगंजले गत आ व ०७८/७९ मा यस कार्यपालिकाले निर्णय गरे बमोजिम कार्यालय मर्मत फर्निसिङ्ग र कार्पेट खरिदमा लागेको रू १ लाख ५० हजार भुक्तानीका लागि २०७९/११/२६ मा पेश भएको पत्रका सम्बन्धमा आवश्यक प्रकृया पुरा गरी भुक्तानी दिन प्रमुख प्रशासकीय, अधिकृतलाई निर्देशन दिने ।

ग) लुम्बिनी प्रदेश सरकार प्रदेश सुशासन केन्द्र र यस गाँउपालिका बीच भएको संझौता अनुसार यस गाँउपालिकाका जनप्रतिनिधि तथा कार्यरत कर्मचारीको क्षमता अभिवृद्दिका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गाँउ नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ को बुँदा नं ६ बमोजिम यस कार्यपालिकाको सुशासन तथा संस्थागत विकास समितिलाई क्षमता विकास समन्वय समितिको कार्य गर्न जिम्मेवारी दिने ।

घ) राप्ती नदीको बहावले नदीको धार परिवर्तन भई यस गाँउपालिकाका वार्ड नं ६ र ७ को खेतीयोग्य जमीन डुडुवा गाँउपालिका तर्फ पर्न गई यस गाँउपालिकाका किसानलाई पर्न गएको क्षतिका सम्बन्धमा दुवै पालिकाका जिम्मेवार पदाधिकारी तथा सम्बन्धित निकायहरु सहितको छलफल राखी निष्कर्षमा पुर्याउन जिल्ला समन्वय समितिलाई अग्रसरता लिइदिनुहुन भनी पत्राचार गर्ने ।

ङ) यस गाउँकार्यपालिकाको मिति २०७९/०१/०३ गतेको प्रस्ताव नं २ मा भएको निर्णयनुसार मिति २०७९/०१/०२ गते राप्ती सोनारी गाउँपालिका वडा नं २ को टिकीलिपुर र हरिहरपुरमा १३ घर धुरीको घर,भान्छा र गोठमा आगलागी भएको हुँदा आगलागीको प्रकृति हेरी ३ किसिमको राहत प्याकेज दिने जस मध्ये विपद व्यवस्थापन कोष बाट पूर्ण क्षति भएको घरको लागि रु ५० हजार पाइसकेकोमा थप रु ५० हजार नगद दिने त्यसैगरि मध्यम क्षति भएको हकमा थप रु २५ हजार नगद दिने र न्यून क्षति भएका घर परिवारलाइ थप रु १५ हजार अन्तिम किस्ताको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

ओम प्रकाश त्रिवेदी
प्रमुख प्रशासकीय अधिकृत